# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## रुपन्देही, लुम्बिनी प्रदेश नेपाल
## सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धि सूचना

सूचना नं ०७/०७७/०७८ योजना

पुनः प्रकाशित मिति २०७७।०८।१२

यस नगरपालिकावाट चालु आ. ब.०७७/ ०७८ का लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको खरिद कार्य सिलबन्दी दरभाउपत्र द्वारा गराउनुपर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक फर्म/ परामर्शदाता बाट निम्न शर्तको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नका लागि यो सुचना प्रकाशित गरीएको छ ।

शर्तहरु :-

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) एन.आई.सी. एसिया बैक मणिग्राम शाखा स्थित1052055499599012 मा जम्मा गरि फर्म नविकरण भएको इजाजत पत्र, आयकर तथा मु. अ. कर दर्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपी तथा व्याक्ती को लागि नागरिकताको प्रतिलिपी तथा आवश्यक योग्यताका कागजात सलग्न गरी लिखित निवेदन दिई यो सुचना पत्रिकामा प्रथम पटक प्रकासित भएको मितिले १५ (पन्ध्रौं)दिन कार्यालय समय सम्म योजना शाखा बाट फारम खरिद गर्न सकिनेछ ।

२. खरिद गरेको दरभाउपत्र फाराम नियम अनुसार कामको विवरण, ठे.नं., दरभाउपत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी सुचना प्रकाशित भएको १६ (सोहौं) दिन दिनको १२:०० बजे सम्म यस कार्यालयमा मा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्र सोही दिनको २:०० बजे दरभाउपत्र दाता स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र खरिद, दाखिला वा खोल्ने दिन बिदा परेमा क्रमशः सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा खरिद, दाखिला र खोल्ने कार्य हुने छ ।

३. दरभाउपत्र पेश गर्दा तपसिलमा उल्लेखित जमानत वापतको रकम यस कार्यालयको नाममा रहेको एन.आई.सी. एसिया बैंक मणिग्राम शाखा स्थित धरौटी खाता नं.A5CA549959952403मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा ने.रा. बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा ४५(पैचालिस)दिन म्याद भएको बिडबण्ड (धितो जमानी पत्र) संलग्न हुनु पर्नेछ ।

४. दरभाउपत्र शर्त रहित, प्रत्येक आईटममा केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनु पर्नेछ । दररेट सच्याउनुपर्ने भएमा सच्याईएको ठाँउमा दस्तखत र छाप भएको हुनु पर्ने छ ।

५. समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारवाही हुने छैन ।

६. दरभाउपत्रमा दररेट उल्लेख गर्दा आइटम अनुसार अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

७. दरभाउपत्र दर्ता गर्नु अगावै सम्बन्धित आबश्यक जानकारी लिन सकिने छ ।

८. दरभाउपत्र को डकुमेन्ट, स्पेसीफिकेशन, परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन ।

९. प्राप्त सिलबन्दी दरभाउपत्र स्वीकृत गने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ ।

१०. यसमा उल्लेख नभएको व्यहोराको हकमा सार्वजनिक खरीद ऐन २०६३ तथा सार्बजनिक खरीद नियमावली २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ ।

तपसिल

| सि. नं | ठेक्का नं. | कार्यको विवरण र स्थान | ल.ई.रकम (मु.अ.कर समेत) रु. | दरभाउपत्र जमानत रकम रु | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | ६/०७७/०७८ | तिनाउ नदी योगीकुटीदेखी पहुनीसम्मको प्रारम्भिक वातावरणीय मुल्याङ्कन तयार | ४,६३,००२ | १२००० | १००० |
| २ | ७/०७७/०७८ | तिनाउ नदी सेमरी देखी जितपुरसम्मको प्रारम्भिक वातावरणीय मुल्याङ्कन तयार | ४,६३,००२ | १२००० | १००० |
| ३ | ८/०७७/०७८ | सुखौरा खोलाको प्रारम्भिक वातावरणीय मुल्याङ्कन तयार | ४,६३,००२ | १२००० | १००० |
| ४ | ९/०७७/०७८ | फोहोरमैला व्यवस्थापन केन्द्रको डि.पि.आर. निर्माण | ४,०२,८७३ | ११००० | १००० |

प्रमुख प्रशासकीय अधिकृत